प.सं. च.नं. Ref:

मिति : २०७८/०४/२५

## प्रेस विज्ञप्ति

## स्थानीय तहका प्रमुख तथा प्रदेश र स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिका लागि अभिमुखीकरण कार्यक्रम

निर्वाचन सञ्चालन एवम् व्यवस्थापनमा सहकार्य र समन्वय सम्बन्धमा स्थानीय तहका प्रमुख तथा प्रदेश र स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिका लागि अभिमुखीकरण कार्यक्रम आज मिति २०७८/०४/२५ गते सम्पन्न भएको छ।

कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले स्वच्छ, स्वतन्त्र, निश्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनका लागि संवैधानिक एवम् कानूनी दायित्वलाई पूरा गर्न प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्न प्रारम्भ गरेको वताउनु भयो । समावेशी, जनउत्तरदायी र प्रतिनिधिमूलक शासन प्रणालीको लागि निर्वाचन चक्रका हरेक गतिविधिमा स्थानीय तहसँग समन्वय र सहकार्यको आवश्यकता रहेको वताउनु भयो । निरन्तर मतदाता नामावली दर्ता, मतदान स्थल तथा मतदान केन्द्रको व्यवस्थापन, निर्वाचन शिक्षा, मतदाता शिक्षा, लैङ्गिक एवम् समावेशीता लगायतका क्षेत्रहरूमा स्थानीय तहसँग अर्थपूर्ण समन्वय र सहकार्यको रणनीति तय गर्नुपर्ने आवश्यकता औल्याउनु भयो।

शुभकामना मन्तव्यका क्रममा विकास साझेदार संस्था UNDP का उप आवासीय प्रतिनिधि Bernardo Cocco ले निर्वाचनका कार्यहरूमा स्थानीय तहसँगको समन्वय र सहकार्य प्रारम्भ भएकोमा खुसी व्यक्त गर्नुहुँदै प्रस्तावित नयाँ प्रोजेक्ट डकुमेन्टमा समेत यी विषयहरू समावेश हुने वताउनु भयो। उक्त कार्यक्रममा गाँउपालिका राष्ट्रिय महासंघका अध्यक्ष होम नारायण श्रेष्ठले निर्वाचन आयोगले स्थानीय तहको भूमिकालाई महत्ववोध गरेकोमा महासंघ सकारात्मक रहेको र स्थानीय तहको क्षमता अनुसार निर्वाचन सम्बन्धी हरेक विषयमा साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नु थियो।

आयोगमा भौतिक उपस्थिति तथा भर्चुअल माध्यमबाट आयोजित कार्यक्रममा माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनु भयो। आयोगका सचिव श्री सुरेश अधिकारीले स्थानीय तहसँग सहकार्य र समन्वयका सन्दर्भमा भएका संवैधानिक व्यवस्था, कानूनी व्यवस्था, सहयोग एवम् समन्वयका उद्देश्य, क्षेत्र र प्रदेश तथा स्थानीय


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

तहका निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण सन्दर्भमा संक्षिप्त प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा माननीय निर्वाचन आयुक्तहरू, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारी, आयोगका विकास साझेदार संस्था UNDP/ESP लगायत संस्थाका प्रतिनिधिहरू र आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

०७८।४।२९

(राजकुमार श्रेष्ठ)

सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np